# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, वैशाख २४ गते २०५३ साल (संख्या ४


## भाग ३

### श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ११ ख. ले दिएको अधिकार प्रयोग गरी दैलेख जिल्लामा जग्गा नापजाँच हुँदा देखापरेको जग्गा समस्या सुल्झाउने सम्बन्धमा कानून बमोजिम निर्णय गर्न देहाय बमोजिमको एक समिति गठन गरी सो समितिको काम, कर्तव्य, अधिकार र कार्यावधि देहाय बमोजिम तोकेको छ ।

क. समितिको गठनः–

१. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, दैलेख — अध्यक्ष

२. प्रतिनिधि, जिल्ला विकास समिति, दैलेख — सदस्य

३. प्रमुख जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय, दैलेख — सदस्य

४. सम्बन्धित जिल्ला अन्तर्गत सरोकार एवं समस्या परेका गा.वि.स. का अध्यक्ष — सदस्य

५. नापी शाखा प्रमुख, नापी शाखा, दैलेख — सदस्य

६. मालपोत अधिकृत, मालपोत कार्यालय, दैलेख — सदस्य–सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख. समितिको काम, कर्तव्य र अधिकारः–

१. दैलेख जिल्लामा जग्गा नापजाँच हुँदा सरकारी जग्गा, सार्वजनिक जग्गा, वन सीमाना भित्रको जग्गा वा गुठी अधिनस्थ जग्गा मिचि दर्ता गरे गराएको भन्ने सम्बन्धमा आवश्यक छानवीन एवं जाँचबुझ गर्ने।

२. यसरी छानवीन एवं जाँचबुझ गर्दा प्रचलित ऐन नियमको विपरीत नाप नक्सा, दर्ता वा आवाद गरे गराएको देखिएमा मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र दफा ३० बमोजिमको अधिकार प्रयोग गरी आवश्यक निर्णय गर्ने ।

३. जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ११ ख. मा उल्लेखित कुराहरूमा सुधार गर्ने तथा तत्सम्बन्धमा देखा परेका समस्या समाधान गर्ने क्रममा जग्गा (नापजाँच) ऐन, २०१९, जग्गा (नापजाँच) नियमावली, २०३२, मालपोत ऐन, २०३४, मालपोत नियमावली, २०३६ मा उल्लेखित अधिकारहरूसमेत प्रयोग गरी आवश्यक निर्णय गर्ने।

४. यसरी छानवीन गर्दा कुनै कर्मचारीबाट प्रचलित ऐन नियमको बखिलाफ काम काज गरेको देखिन आएमा निज उपर आवश्यक विभागीय कारवाहीको लागि राय ठहर साथ सम्बन्धित विभागमा पठाउने ।

तर समितिलाई भएका अधिकारहरू समितिका अन्य कुनै पदाधिकारीहरूलाई सुम्पन्न सकिने छैन ।

ग. समितिको कार्यावधि :–

समितिको कार्यावधि समितिले काम शुरू गरेको मितिले एक वर्षसम्म कायम रहनेछ ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
श्री ५ को सरकारको सचिव

१३८



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।